# नेपाल राष्ट्र बैंक
## राष्ट्र ऋण व्यवस्थापन विभाग
### बालुवाटार, काठमाण्डौं

**नागरिक बचतपत्र, २०८३ तथा वैदेशिक रोजगार बचतपत्र, २०८३ बिक्री वितरण सम्बन्धी सूचना**

मिति २०७८/०२/१० गते प्रकाशित सूचनाबाट बिक्री खुला गरिएको ९ प्रतिशत व्याजदरको नागरिक बचतपत्र, २०८३ र १० प्रतिशत व्याजदरको वैदेशिक रोजगार बचतपत्र, २०८३ को बिक्री वितरणमा कोभिड १९ संक्रमण न्यूनीकरणको लागि नेपाल सरकारले जारी गरेको निषेधाज्ञाको अवस्थामा समेत सर्वसाधारण नागरिकले सहजरुपमा विद्युतीय माध्यमबाट समेत खरीद गर्न सक्ने व्यवस्थाको लागि यस बैंकको मिति २०७८/०२/१६ गतेको निर्णयानुसार देहाय बमोजिमको व्यवस्था गरिएको व्यहोरा सम्बद्ध सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

(क) बजार निर्माता तथा बिक्री एजेन्टहरुले नागरिक बचतपत्र र वैदेशिक रोजगार बचतपत्र खरीद गर्न चाहने आवेदकहरुको लागि सम्पर्क व्यक्तिको नाम र फोन नम्बर सहितको सूचना आफ्नो वेवसाइटमा राख्नु पर्नेछ । यस्तो सूचनामा विद्युतीय प्रणालीमार्फत् आवेदन दिन चाहने आवेदकको लागि रकम जम्मा गर्ने बैंक तथा वित्तिय संस्थाहरुको खाता नम्बरका साथै ईमेल ठेगाना समेत उपलब्ध गराउनु पर्नेछ ।

(ख) नागरिक बचतपत्र खरीद गर्न चाहने आवेदकले यसै साथ संलग्न हस्त लिखित निवेदनको फोटो/स्क्यान कपी, बजार निर्माताको खातामा खरीद गर्न चाहेको रकम जम्मा गरेको प्रमाण/भौचर र नागरिकताको फोटो/स्क्यान कपी बजार निर्मातालाई विद्युतीय माध्यमबाट उपलब्ध गराउन सक्नेछन् ।

(ग) त्यस्तै, वैदेशिक रोजगार बचतपत्र खरीद गर्न चाहने आवेदकले यसै साथ संलग्न हस्त लिखित निवेदनको फोटो/स्क्यान कपी, बिक्री एजेन्टको खातामा खरीद गर्न चाहेको रकम जम्मा गरेको प्रमाण/भौचर, नागरिकताको फोटो/स्क्यान कपी तथा बिक्री एजेन्ट सम्बन्धी कार्यविधि, २०७६ अनुसार आवश्यक अन्य सम्पूर्ण कागजपत्रको फोटो/स्क्यान कपी बिक्री एजेन्टलाई विद्युतीय माध्यमबाट उपलब्ध गराउन सक्नेछन् ।

(घ) नागरिक बचतपत्र तथा वैदेशिक रोजगार बचतपत्रको बिक्री अवधि समाप्त भई निष्काशन हुनु अगावै बजार निर्माता तथा बिक्री ऐजेण्टहरुले सम्बन्धीत कार्यविधिमा निर्धारित आवेदनको सक्कल प्रति तथा अन्य आवश्यक कागजातहरु आवेदकहरुबाट प्राप्त गरी यस विभागमा अनिवार्य रुपमा बुझाउनु पर्नेछ ।

# **नागरिक बचतपत्रको निवेदन**

(हस्त लिखित निवेदनका लागि समेत)

नेपाल राष्ट्र बैंक मितिः
राष्ट्र ऋण व्यवस्थापन विभाग
बालुवाटार, काठमाण्डौं ।

महाशय,

नेपाल राष्ट्र बैंकबाट हालै प्रकाशित सूचना अनुसारको नागरिक बचतपत्र, २०८३ खरीद गर्न इच्छा भएकोले नगद/चेक/विद्युतिय माध्यम/खाता नं ......................... बाट कानून सम्मत आर्जन गरेको रकमबाट रु. .......... (अक्षरेपी .....................मात्र) बुझाई यो दरखास्त दिएको छु/छौं । साथै, दर रु.................को नागरिक बचतपत्र थान ................ मेरो/हाम्रो नाममा निष्काशन गरी दिनु हुन अनुरोध गर्दछु/गर्दछौं ।

एकल/सयुक्त/नाबालक (टिक लगाउने) स्टक/प्रमिशरी (टिक लगाउने)

(१) नाम (देवनागरिमा): ............................अंग्रेजीमाः............................
(२) पत्राचारको पूरा ठेगानाः........................
(३) टेलिफोन नंः...................................
(४) नागरिकता प्रमाणपत्र नंः.....................
(५) नागरिकता प्रमाणपत्र लिएको जिल्लाः.............
(६) पहिले खरीद गरेको भए पोर्टफोलियो नम्बरः................

भवदीय,

निवेदकको नाम :
ठेगाना :

# **वैदेशिक रोजगार बचतपत्रको निवेदन**

(हस्त लिखित निवेदनका लागि समेत)

नेपाल राष्ट्र बैंक मितिः

राष्ट्र ऋण व्यवस्थापन विभाग

बालुवाटार, काठमाडौं ।

महाशय,

नेपाल राष्ट्र बैंकबाट हालै प्रकाशित सूचना अनुसारको वैदेशिक रोजगार बचतपत्र, २०८३ खरीद गर्न इच्छा भएकोले नगद/चेक/विद्युतिय माध्यम/खाता नं ......................... बाट कानून सम्मत आर्जन गरेको रकमबाट रु. ........... (अक्षरेपी .....................मात्र) बुझाई यो दरखास्त दिएको छु/छौं । साथै, दर रु................को वैदेशिक रोजगार बचतपत्र थान ................ मेरो/हाम्रो नाममा निष्काशन गरी दिनु हुन अनुरोध गर्दछु/गर्दछौं ।

एकल/सयुक्त/नाबालक (टिक लगाउने) स्टक/प्रमिशरी (टिक लगाउने)

(१) नाम (देवनागरिमा): ............................अंग्रेजीमाः............................

(२) पत्राचारको पूरा ठेगानाः........................

(३) टेलिफोन नंः....................................

(४) नागरिकता प्रमाणपत्र नंः.....................

(५) नागरिकता प्रमाणपत्र लिएको जिल्लाः..............

(६) पासपोर्ट नम्बरः...........................

(७) वैदेशिक रोजगारका लागि गएको देशः..........................

(८) पहिले खरीद गरेको भए पोर्टफोलियो नम्बरः...................

भवदीय,

निवेदकको नाम :

ठेगाना :